सभापोखरी गाउँपालिका

बाह्रविसे, सङ्खुवासभा

# स्थानीय राजपत्र

सभापोखरी गाउँपालिकाद्वारा प्रकाशित

बर्ष : ८ अंक: १, सभापोखरी, २०८१ साल जेष्ठ २५ गते

**भाग- २**

## सभापोखरी गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना:** कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० बमोजिम सभापोखरी गाउँपालिका, गाउँ कार्यपालिकाले स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कामकाजलाई ब्यवस्थित र पारदर्शी ढंगले कार्यान्यिन गर्न बाञ्छनीय भएकोले,

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी सभापोखरी गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ।

सभापोखरी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति: २०८१।०२।२०

प्रमाणिकरण भएको मिति: २०८१।०२।२४

# सभापोखरी गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८१

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **"सभापोखरी गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८१"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई साथै कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई सभापोखरी गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीका लागि लागु हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० सम्झनु पर्दछ ।

(ख) "अख्तियारवाला" भन्नाले कर्मचारीको नियुक्ति, पदस्थापन र अवकाशको निर्णय गर्ने अधिकारी सम्झनु पर्दछ ।

(ग) "कर्मचारी" भन्नाले सभापोखरी गाउँपालिकाको स्थानीय सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई सम्झनु पर्दछ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई साथै संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई सभापोखरी गाउँपालिकामा कार्यरत स्थायी कर्मचारी समेतलाई जनाउँदछ ।

(घ) "कार्यविधि" भन्नाले सभापोखरी गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ ।

(ङ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्दछ ।

(च) "कार्यालय" भन्नाले सभापोखरी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(छ) "कार्यपालिका" भन्नाले सभापोखरी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ज) "तह वृद्धि" भन्नाले ऐनको दफा २७ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

(झ) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनु पर्दछ ।

(ञ) "प्रदेश कितावखाना" भन्नाले प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका कर्मचारीको अभिलेख राख्ने प्रयोजनको लागि मन्त्रालय अन्तर्गत रहेको शाखा सम्झनु पर्छ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सभापोखरी गाउँपालिकको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) "मन्त्रालय" भन्नाले स्थानीय तहहरूले सङ्घीय सरकार वा प्रदेश सरकार समक्ष सम्पर्क गर्न तोकिएको तत् मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ड) "सिफारिस समिति" भन्नाले ऐनको दफा २७ को उपदफा ४ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ ।

(ढ) "परामर्श" भन्नाले कोशी प्रदेश, प्रदेश लोक सेवा आयोगसगँको परामर्श भन्ने बुझ्नु पर्नेछ ।

**३. तह वृद्धि सिफारिस समिति:** १) ऐनको दफा २७ को उपदफा ४ बमोजिम गाउँपालिकामा कार्यरत कर्मचारीको तह वृद्धि गर्न तपसिल बमोजिमको तह वृद्धि सिफारिस समिति रहनेछ।

क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

ख) कार्यपालिकाले तोकेको एक महिला सहित दुई जना वरिष्ट कर्मचारी -सदस्य

२) समितिको बैठक समिति आफैँले निर्धारण गरे बमोजिम बस्नेछ।

**४. तह वृद्धि सिफारिस समितिको काम, कर्तव्य र अधिकार:** (१) तह वृद्धि सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) तह वृद्धि प्रयोजनका लागि ऐन बमोजिमको कार्यतालिका निर्धारण गर्ने।

(ख) आवेदन शुल्क निर्धारण गर्ने।

(ग) आवेदन पेश गर्नका लागि सूचना प्रकाशित गर्ने।

(घ) पेश भएका कागजातहरूको अध्ययन तथा विश्लेषण गरी प्रकाशित सूचना अनुसार निवेदन दिने अन्तिम मितिले ७ (सात) दिन भित्रमा तह वृद्धिको लागि सिफारिस गर्ने।

(ङ) ऐनको दफा ४ को उपदफा (५) र दफा ८ को उपदफा (१३),(१४),(१६) र (१७) बमोजिमको योग्यता पुगेका कर्मचारीको तह वृद्धिका लागि निर्णय गर्ने।

(च) ऐनको दफा २७ बमोजिमको योग्यता पुगेका कर्मचारीहरूको तह वृद्धिका लागि निर्णय गर्ने।

(छ) तह वृद्धि गरिने कर्मचारीहरूको नामावली सहित तह वृद्धिको लागि कार्यालय समक्ष सिफारिस गर्ने।

(ज) तह वृद्धि सम्बन्धमा कुनै दुविधा भएमा प्रदेश लोक सेवा आयोगसँग परामर्श लिने।

झ) तह वृद्धि कार्यलाई व्यवस्थित र अनुमान योग्य बनाउन आवश्यक योजना निर्माण गरी कार्यालय समक्ष सिफारिस गर्ने।

**५. सूचना प्रकाशित गर्नुपर्ने:** तह वृद्धिका लागि देहाय बमोजिमको सूचना प्रकाशन गर्नुपर्नेछ:

(१) ऐनको दफा २७ को उपदफा (१) बमोजिमका स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाचौँ तहबाट छैटौ तह, सातौ तह बाट आठौ तह र नवौ तहबाट दशौ तहमा तहवृद्धि गर्दा तह वृद्धि हुने तह भन्दा एक तह मुनिको पदमा पाच बर्षको सेवा अवधी पुरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मुल्यांकनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेका कर्मचारीहरुलाई सम्बन्धित सेवा, समुह वा उपसमुहमा तह वृद्धि गरिनेछ।

(२) ऐनको को दफा २७ को उपदफा (२) बमोजिम उपदफा (१) बमोजिम तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन। तर समायोजनका बखत तोकिएको अवधी नपुगी तह वृद्धि नभएका कर्मचारीहरुलाई एक पटकका लागि सेवा प्रवेशका लागि तोकिएको योग्यता भए पुग्नेछ।

(३) ऐनको दफा २७ को उपदफा (३) बमोजिम उपदफा (१) तथा यस ऐनमा गरिएको विशेष व्यवस्था बमोजिम तह वृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ र श्रावण महिनामा प्राप्त सिफारिसको आधारमा स्थानीय तहको कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय कार्यान्वयन गर्नुपर्नेछ। सो प्रयोजनको लागि कम्तीमा एक महिना अगावै सम्बन्धित स्थानीय तहले आप्नो वेवसाइटमा सूचना प्रकाशन गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको तह वृद्धिका लागि सूचना प्रकाशन गर्दा उक्त सूचनामा सम्भाव्य उम्मेदवारले देहायका कागजात निवेदनका साथ संलग्न गर्नुपर्ने भनी उल्लेख गर्नुपर्नेछ।

(क) अनुसूची- १ बमोजिमको निवेदन,
(ख) शुरु नियुक्ति सम्बन्धी कागजात,
(ग) बढुवा भएको भए सो सम्बन्धी कागजात,
(घ) पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको सक्कल प्रति,
(ङ) सेवा अवधि प्रमाणित भएको कागजात,
(च) स्थानीय तहमा समायोजन भएको भए सो सम्बन्धी कागजात,
(ज) सेवाकालीन तालिम लिएको भए सो को कागजात,
(झ) सेवा समूह सम्बन्धित न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको उम्मेदवारस्वयंले प्रमाणित गरेको प्रति,
(ञ) विभागिय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेलो सिफारिस पत्र,
(ट) सेवा निरन्तर रहेको, अध्ययन/असाधारण विदामा नबसेको स्वघोषणा पत्र,
(ठ) पेशा सम्बन्धी व्यावसायिक परिषदले उपलब्ध गराउने पदमा रहेको भए सो परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुने हकमा मात्र)।
(ड) ऐनको दफा २७ को उपदफा ४ बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेमा अन्य कागजातहरु।

**६. आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः** (१) ऐनको दफा २८ बमोजिम ऐनको दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमता मुल्याङकन तथा जेष्ठता र कार्यसम्पादन मल्याङकन द्धारा बढुवा हुने पदहरुमा बढुवाको लागि सम्भाब्य उम्मेदवार हुन सम्बन्धित सेवा समुह वा उपसमुहको पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालिन तालिम लिएका र  पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र विज्ञापन हुदाँ " दरखास्त दिने अन्तिम मितिसम्ममा देहाय बमोजिमको न्युनतम सेवा अवधि र शैक्षिक योग्यता हाँसिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूह भित्र तह वृद्धि गरिनेछ"।

| क्र.सं. | बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | अधिकृत एघारौ | अधिकृत दशौ तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानुनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | अधिकृत नवौं | अधिकृत आठौं तहमा कम्तीमा तीन वर्ष सेवा | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

| | | | | |
|---|---|---|---|---|
| | | अवधि पुरा गरेको | | |
| ३ | अधिकृत सातौं | अधिकृत छैटौं तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीवता प्रमाणपत्र वा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ४ | सहायक पाचौं | सहायक चौथो तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा एस.इ.इ. वा सो सरह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ५ | सहायक चौथो | कार्यालय सहयोगी पदमा कम्तीमा तीन वर्ष सेवा अवधि पुरा गरेको | कम्तीमा एस.इ.इ. वा सो सरह उत्तीर्ण गरेको | - |

**७. दरखास्त दिनुपर्ने:** (१) कार्यविधिको दफा ५ बमोजिम प्रकाशित सूचनाको म्याद भित्र तह वृद्धिका लागि तोकिए बमोजिमको योग्यता पुगेका इच्छुक सम्भाव्य उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा तोकिए बमोजिमका कागजात समेत संलग्न गरी तह वृद्धि सिफारिस समिति समक्ष दरखास्त दिनुपर्नेछ।

**८. जाँचवुझ सम्बन्धी व्यवस्था:** (१) कार्यविधिको दफा ७ बमोजिम दर्ता भएका दरखास्त, कागजात तथा प्रमाणहरु दफा ३ बमोजिमको समितिले जाँचबुझ गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा कुनै उम्मेदवारको तह वृद्धिका लागि आवश्यक पर्ने आधारभूत कागजात वा प्रमाण नपुगेको देखिएमा बढीमा तीन दिनको समय दिई छुटेका कागजात तथा प्रमाणहरू पेश गर्न समय दिनुपर्नेछ। तर उम्मेदवारले छुटेका कागजात पेश गर्दा दरखास्त दर्ता गर्ने अन्तिम मिति भित्र जारी भएका कागजात वा प्रमाण मात्र पेश गर्न सक्नेछन्। दरखास्त दर्ता गर्ने अन्तिम मिति पछि जारी भएका कागजात वा प्रमाणहरूलाई समितिले मान्यता दिनेछैन।

**९. सिफारिस गर्नुपर्ने:** (१) कार्यविधिको दफा ८ बमोजिम कागजातको जाँचबुझ पश्चात तह वृद्धि गर्न योग्यता पुगेका उम्मेदवारलाई समितिले तह वृद्धिको लागि गाउँ कार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस गर्दा कर्मचारीले तह वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी वा वढुवाको नियुक्ति अनुसारको सेवा अवधि, शैक्षिक योग्यता, सेवाकालीन तालिमलाई आधार मानी क्रम निर्धारण गरी सिफारिस गर्नुपर्नेछ।

**१०. तह वृद्धि गर्न नहुने:** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ३० बमोजिम स्थानीय तहको कर्मचारी देहायको देहायको अवस्थामा देहायको अवधिभर बढुवाको लागि सम्भाब्य उम्मेदवार हुन पाउने छैन र उक्त अवधिभर निजको तह वृद्धिको लागि समेत रोक्का गरिनेछः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तलब बृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलव वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

(घ) सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(ङ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर र

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानुन बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

**११. तह वृद्धि वा बढुवा नियुक्तिको रोकाः** (१) ऐनको दफा ३१ को उपदफा (१) बमोजिम स्थानीय सरकारी सेवाको कुनै कर्मचारी तह वृद्धि वा बढुवा भई त्यस्तो तह वृद्धि वा बढुचाको नियुक्ति नपाउँदै निलम्बन बा बढुवा रोक्का वा तलब वृद्धि रोक्का भएमा सो अवधि भर निजको तह वृद्धि वा बढुवा नियुक्ती रोक्का राखिनेछ।

(२) ऐनको दफा ३१ को उपदफा (२) अनुसार नियुक्ति रोक्का भएको कुनै कर्मचारीको निलम्बन फुकुवा भएमा वा रोक्का अवधि समाप्त भएपछि निजलाई तह वृद्धि वा बढुवा भएको मिति देखि ज्येष्ठता कायम हुनेगरि तह वृद्धि वा बढुवा नियुक्ति दिईनेछ।

(३) ऐनको दफा ३१ को उपदफा (१) अनुसार यस कार्यविधि बमोजिम तह वृद्धि हुने कर्मचारी ऐनको दफा २७ को उपदफा (४) बमोजिमको तह वृद्धि सिफारिस समितिको सिफारिस र बढुवा हुने कर्मचारी ऐनको दफा ३८ बमोजिमको बढुवा समितिको सिफारिस बाहेक तह वृद्धि वा बढुवा गरिनेछैन।

**१२. तह वृद्धि गर्नु पर्नेः-**

कानुन बमोमिम तह वृद्धिका लागि निवेदन दिएका कर्मचारीहरुको तह वृद्धिको लागि ऐनको दफा २७ उपदफा (४) बमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र तह वृद्धिका लागि सिफारिस गरिसक्नु पर्नेछ र सो सिफारिस प्राप्त भएको ७ दिन भित्र ऐनको दफा २७ (३) बमोजिम कार्यपालिकाले निर्णय गरि नियमानुसार तहवृद्धिको पत्र दिनु पर्नेछ।

**१३. सार्वजनिक गर्नेः** तह वृद्धि भएका कर्मचारीहरुको विवरण सभापोखरी गाउँपालिकाको सुचना पार्टी र वेवसाइटमा अनिवार्य राख्नुपर्नेछ।

**१४. तह बृद्धि सम्बन्धी विशेष ब्यवस्था:** (१) ऐनकोको दफा ८ को उपदफा (१३) बमोजिम चौथो तहमा सहायक कम्प्यूटर अपरेटर पदमा कार्यरत कर्मचारीलाई पाँचौं तहको कम्प्यूटर अपरेटर पदमा स्वतः बढुवा गरिनेछ। यसरी बढुवा गर्न एक तह माथिको पद स्वतः सिर्जना हुनेछ र साविकको पद स्वतः खारेज हुनेछ।

(२) ऐनको दफा ८ को उपदफा (१४) अनुसार कम्प्यूटर अपरेटर पदमा कार्यरत छैटौँ तहका स्थायी कर्मचारी सम्बन्धित सेवा अप्राविधिक तर्फको सातौं तहको पदमा बढुवाका लागि सम्भावित उम्मेदवार हुन पाउनेछन्। ऐनको

दफा ८ को उपदफा (१५) सम्भाव्य उम्मेदवार हुन सम्बन्धित कर्मचारीले नेपाल सरकार वा प्रदेश सरकारले तोकेको निकायबाट सञ्चालित सेवासगँ सम्बन्धित कम्तीमा एक महिनाको तालिम लिएको र बढुवा हुने पदको लागि आवश्यक पर्ने सेवा अवधि र न्युनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।

(३)ऐनको दफा ८ को उपदफा (१६) अनुसार साविक स्थानीय निकायको स्वीकृत दरबन्दीमा अधिकृत छैटौं र आठौ तहको पदमा स्थायी नियुक्ती भइ स्थानीय तहको सोही तहको पदमा कामकाज गरिरहेका र निजामती सेवा बाहेकबाट समायोजन भई आएका र एकपटक पनि तह वृद्धि सुविधा नपाएका कर्मचारीलाई माथिल्लो तहका लागि आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यता पुगेको भएमा ऐनको दफा २७ को उपदफा (४) बमोजिमको समितिको सिफारिसको आधारमा अख्तियारवालाले एकपटकका लागि स्थानीय सरकारी सेवाको क्रमशः अधिकृत सातौँ र नवौँ तहमा बढुवा गरिनेछ। त्यसरी बढुवा हुदाँ माथिल्लो तहको पद स्वतः सिर्जना भई तल्लो दरबन्दी खारेज हुनेछ।

(४) ऐनको दफा ८ को उपदफा (१७) बमोजिम लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट स्थानीय तहको छैटौँ तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई एकपटकका लागि सातौँ तहमा तह मिलान गरिनेछ।

(५) ऐनको दफा ४ को उपदफा (५) बमोजिम स्थानीय तहको सहायक चौथो र पाचौँ तहमा तथा सातौ र नवौ तहको पदमा समान पदमा समायोजन भई सोही पदमा कार्यरत रहेका हाल सम्म तह वृद्धि नभएका कर्मचारीहरु सम्बन्धित पदमा ऐन जारी हुदाँ सम्म तीन वर्ष सेवा अवधि पुरा भएमा स्वतः एक तह वृद्धि हुनेछ। निजहरु जुनसुकै व्यहोराले अवकाश भएमा सो पद स्वतः खारेज भई तल्लो तहको पदमा पदपुर्ति गरिनेछ।

(६) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्था: कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गतका स्थानीय तहमा दरबन्दी भएका कर्मचारीहरूको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुनेछ। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी / पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ।

**१५. तह वृद्धि सम्बन्धी पत्र दिने:** (१) तह वृद्धि भएका कर्मचारीहरूलाई तह वृद्धि सिफारिसको सूचना प्रकाशन भएको १६ औँ दिनमा अनुसूची-२ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि सम्बन्धी पत्र दिनुपर्नेछ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अध्यादेशको दफा ४ को उपदफा (५) र दफा ८ को उपदफा (१६) बमोजिम एक पटकको लागि स्वत: तह वृद्धि गर्ने प्रयोजनका लागि अध्यादेशमा तोकिए बमोजिमको शैक्षिक योग्यता पुरा भएमा तह बृद्धि/कायमको निर्णय पश्चात तत्काल तह वृद्धिको पत्र दिन कुनै बाधा पर्नेछैन।

**१६. तह वृद्धि भएका कर्मचारीको सेवा, सुविधा:** (१) यस कार्यविधि बमोजिम तह वृद्धि भएका कर्मचारीले कार्यविधिको दफा १५ बमोजिम तह वृद्धि भएको मितिबाट मात्र सेवा सुविधा प्राप्त गर्नेछन्।

(२) तह वृद्धि वा बढुवा भएका कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने प्रचलित नियम कानून अनुसार ग्रेड मिलान गरिनेछ।

(३) तह वृद्धि वा बढुवा भएका कर्मचारी सेवा निवृत्त हुँदा उपदान वापतको सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

**१७. ज्येष्ठता कायमः** (१) तह वृद्धि हुने कर्मचारीको ऐनको दफा २६ को उपदफा (१) बमोजिमका तह वृद्धि वा बढुवा प्रयोजनका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको जेष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समुहको पदमा स्थायी नियुक्ती पाएको मितिबाट कायम हुने गरि सेवा अवधि गणना हुनेछ।

(२) उपदफा (१) बमोजिम जेष्ठता कायम गर्न नसकिएमा हालको पदमा गरिएको सिफारिसको योग्यताक्रम, सम्बन्धित सेवा समुहको पदमा स्थायी सेवा गरेको अवधि र उमेरलाई क्रमशः आधार लिई छुट्याउनु पर्नेछ।

**१८. जानकारी दिनु पर्नेः** (१) यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालय, मन्त्रालय, प्रदेश किताबखाना र प्रदेश लोक सेवा आयोगलाई दिनुपर्नेछ।

**१९. उजुरी/गुनासोः** (१) तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा तह वृद्धिको सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रदेश लोक सेवा आयोग समक्ष उजुरी/गुनासो गर्न सकिनेछ।

**२०. बाधा अड्‌काउ फुकाउनेः** (१) कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्‌काउ उत्पन्न भएमा बाधा अड्‌काउ फुकाउने अधिकार ऐनको दफा २७ को उपदफा (४) बमोजिम हुनेछ।

**२१. कार्यविधिमा संशोधनः** (१) यस कार्यविधिमा परिमार्जन गर्नु परेमा गाउँ कार्यपालिकाले प्रदेश लोक सेवा आयोगसँग आवश्यक परामर्श गरी संशोधन गर्न सक्नेछ।

**२२. अभिलेख राख्ने सम्बन्धी ब्यवस्था**: (१) यस कार्यविधि बमोजिम तहबृद्धि हुने कर्मचारीहरुको अभिलेख गाउँपालिकाले दुरुस्त राख्नु पर्नेछ। सरोकारवाला निकायहरुबाट माग भएको बखत तत्काल उपलब्ध गराउनु पर्नेछ।

**२३. सचिवालयः** तह वृद्धि सम्बन्धी सिफारिस समितिको सचिवालय गाउँपालिकाको सामान्य प्रशासन शाखामा रहनेछ।

**२४. विविधः** समितिका पदाधिकारीहरूले गाउँपालिकामा गठित अन्य समितिका सदस्यहरूले पाए सरहको बैठक भत्ता पाउनेछन्।

**२५. प्रचलित कानून बमोजिम हुने**: (१) यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**२६. बचाउः** यस कार्यविधि प्रारम्भ हुनुभन्दा पहिले सभापोखरी गाउँपालिकाद्धारा निर्माण गरिएको सभापोखरी गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यबिधि, २०८० बमोजिम भए गरेका तह वृद्धि/मिलान तथा अन्य काम कारबाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

**२७. खारेजीः** सभापोखरी गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यबिधि, २०८० खारेज गरिने छ।

## अनुसूची १

कार्यविधिको दफा ५ को उपदफा (४) सँग सम्बन्धित

मिति:......................

श्री अध्यक्षज्यू
तह वृद्धि सिफारिस समिति
सभापोखरी गाउँपालिका, बाह्रविसे, सङ्खुवासभा ।

**विषय: तह वृद्धि /तह कायम गरी पाउँ ।**

प्रस्तुत विषयमा म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेकोमा यस सभापोखरी गाउँपालिकाको तह वृद्धि सम्बन्धी मिति..................गते प्रकाशित सूचना अनुसार देहाय बमोजिमको पदमा तह वृद्धि/कायम हुन योग्य रहेको हुँदा तपशिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

**तपशिल:**

1. स्थायी नियुक्तिको पत्र ।
2. समायोजन पत्र ।
3. बढुवा/स्तरवृद्धि/ तहवृद्धि/तह कायम भएको पत्र ।
4. नेपाली नागरिकताको प्रमाण पत्र ।
5. शैक्षिक योग्यताको प्रमाण पत्र ।
6. ......................................................................
7. ......................................................................
8. ......................................................................
9. ......................................................................

| **हाल कार्यरत पदको विवरण** | **तह वृद्धि/कायम हुनुपर्ने पद** |
|---|---|
| १.सेवा : | १.सेवा : |
| २.समूह/उपसमूह : | २.समूह/उपसमूह : |
| ३.पद : | ३.पद : |
| ४. तह : | ४. तह : |
| ५.सुरु नियुक्ति मिति : | ५. कार्यालय : |
| ६. हालको पदमा बढुवा नियुक्ति मिति : | |
| ७.कार्यालय : | |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदक**

नाम थर :...........................
दस्तखत :.............................
क.सं. नम्बर :........................

**प.सं.** **मिति:....................**

**च.नं.**

**अनुसूची -२**

कार्यविधिको दफा १५ को उपदफा (१) संग सम्बन्धित

श्री .....................................

कर्मचारी संकेत नम्बर................................

**विषय- तह वृद्धि/कायम सम्बन्धमा ।**

तपाईँलाई गाउँ यस गाउँपालिकाको तह वृद्धि सिफारिस समितिको मिति................को सिफारिस तथा गाउँ कार्यपालिकाको कार्यालयको मिति...................... गतेको निर्णयानुसार कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा.........को उपदफा.......तथा सभापोखरी गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ को दफा...........को उपदफा...........बमोजिम मिति...............देखि/प्रचलित नियमानुसार ज्येष्ठता कायम हुने गरी देहाय बमोजिमको स्थानीय सेवाको पदमा तह वृद्धि/कायम गरिएको छ । तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको शुभकामना ।

| हाल कार्यरत पद | तह वृद्धि/कायम गरिएको पद |
|---|---|
| पद:<br>तह:<br>सेवा:<br>समूह:<br>कार्यालय: श्री सभापोखरी गाउँपालिकाको कार्यालय, बाह्रविसे, सङ्खुवासभा । | पद:<br>तह:<br>सेवा:<br>समूह:<br>कार्यालय: श्री सभापोखरी गाउँपालिकाको कार्यालय, बाह्रविसे, सङ्खुवासभा । |

.......................................

**प्रमुख प्रशासकीय अधिकृत**

**वोधार्थ-**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर, काठमाडौँ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश , बिराटनगर, मोरङ।
श्री राष्ट्रिय किताबखाना (निजामती) हरिहरभवन, ललितपुर।
श्री प्रदेश किताबखाना, कोशी प्रदेश, बिराटनगर, मोरङ।
श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, बिराटनगर, मोरङ ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं।
श्री कर्मचारी सञ्चयकोष, काठमाडौं।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सङ्खुवासभा।
श्री आर्थिक प्रशासन शाखा, सभापोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बाह्रविसे, सङ्खुवासभा।